नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# राष्ट्रिय बाल अधिकार परिषद्को

## <u>प्रत्येक वडा, स्थानीय तह र प्रदेशलाई सडक बालबालिका मुक्त बनाउने तथा घोषणा गर्ने सम्बन्धी सूचना !!</u>

वि.सं. २०७३ साल वैशाख २७ गतेदेखि २०८१ सालको चैत मसान्तसम्म देशभरी २,४८५ जना सडक बालबालिकाको उद्धार गरी संरक्षण तथा व्यवस्थापन गरिएको छ । सम्वत् २०८२ सालको असारभित्र नेपाललाई सडक बालबालिका मुक्त बनाउने नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८१/०३/३१ को निर्णय कार्यान्वयन गर्न मन्त्रालयबाट सबै स्थानीय तहलाई परिपत्र गरिए अनुसार प्राप्त भएको जानकारी विवरणको लेखाजोखा समेत गरी चालु आ.व.२०८१/८२ को साउनदेखि चैत मसान्तसम्म १३६ जना सडक बालबालिकाको उद्धार गरी संरक्षण गरिएकोमा विगत एक दशकदेखिको सडकमा बस्ने बालबालिकाको निरन्तर उद्धार, पुनःस्थापना तथा संरक्षणको कार्यले रातदिनै सडकमै जीवन जीउन वाध्य तथा आश्रित बालबालिकाको संख्या न्यून भएकोछ र तत्कालै उद्धार गर्ने संयन्त्र बालबालिका खोजतलास सेवालाई जिम्मेवार र क्रियाशील बनाइएको छ । अतः सबै वडा र स्थानीय तहले आ-आफ्नो वडा र स्थानीय तहलाई सडक बालबालिका मुक्त वडा र स्थानीय तह भएको यकीन गरी निर्णय तथा घोषणा गरेको लिखित जानकारी वडा समितिको निर्णयले सम्बन्धित स्थानीय तह, स्थानीय तहको कार्यपालिकाको निर्णयले सम्बन्धित प्रदेशको बालबालिकाको विषय हेर्ने मन्त्रालय र यस परिषद्, प्रदेश सरकारको निर्णयलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवम् प्रदेश बालबालिकाको विषय हेर्ने मन्त्रालयले यस परिषद् र नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा देहायको आधार, प्रक्रिया र समयभित्र सडक बालबालिका मुक्त बनाउन तथा घोषणा गर्न गराउन सम्बन्धित सबैको समन्वय, सहयोग, सहकार्य तथा जानकारीको लागि अनुरोध छ ।

१. **मिति २०८२ सालको वैशाख मसान्तसम्म प्रत्येक वडालाई सडक बालबालिका मुक्त बनाउने तथा घोषणा गर्नेः-** आफ्नो वडाभित्रका टोल/ गाउँ ,समुदाय ,वस्ती/गल्ली तथा सडक र कुनै पनि स्थानमा सडकमा बस्ने बालबालिका नभएको पाइएमा वा बालमैत्री वडा घोषणा भैसकेको भए वा सडकमा बालबालिका देखिने वित्तिकै उद्धार गरिने प्रणाली तथा संयन्त्र क्रियाशील भएर उद्धार तथा संरक्षणको कार्यले निरन्तरता पाएको छ भने त्यस्ता वडालाई वडा समितिको निर्णयले सडक बालबालिका मुक्त भएको घोषणा गर्ने । तर वडा बासी वा

२. वडा कार्यालय/वडा समितिका पदाधिकारी तथा कर्मचारी वा वडा बाल अधिकार समितिलाई सडकमा बस्ने बालबालिका छन् भन्ने लागेमा त्यस्ता स्थानमा बढीमा ७ दिन नियमित अनुगमन तथा निगरानी गर्ने र प्रहरी तथा बालबालिका खोजतलास सेवा एवम् परिषद्को सहकार्यमा उद्धार, पुनःस्थापना र संरक्षण व्यवस्थापन गरी सो समेतको प्रतिवेदन समावेश गरी स्थानीय तहलाई जानकारी गराउने ।

३. **मिति २०८२ सालको जेठ १५ गतेसम्म प्रत्येक स्थानीय तहलाई सडक बालबालिका मुक्त बनाउने तथा घोषणा गर्नेः-** आफ्ना सबै वडा सडक बालबालिका मुक्त घोषणा भएको लिखित जानकारी प्राप्त भएमा वा बालमैत्री स्थानीय तह घोषणा भैसकेको भए वा सडकमा बालबालिका देखिने वित्तिकै उद्धार गरिने प्रणाली तथा संयन्त्र क्रियाशील

भएर उद्धार, पुनःस्थापना तथा संरक्षणको कार्यले निरन्तरता पाएको छ भने त्यस्ता स्थानीय तहलाई स्थानीय तहको कार्यपालिकाको निर्णयले सडक बालबालिका मुक्त भएको स्थानीय तह घोषणा गर्ने, घोषणा भएको सन्देश सहितको सूचना वेबसाइटमा राख्ने र लिखित जानकारी यस परिषद् र प्रदेशको बालबालिकाको विषय हेर्ने मन्त्रालयलाई जानकारी गराउने । तर स्थानीय बासी वा स्थानीय तह वा स्थानीय बाल अधिकार समितिका कुनै पदाधिकारी/कर्मचारी वा बाल कल्याण अधिकारीलाई सडकमा बस्ने बालबालिका छन् भन्ने लागेमा वा वडा समितिले त्यस्तो जानकारी पहिले नै गराएको अवस्थामा बढीमा ७ दिन नियमित अनुगमन तथा निगरानी गर्ने र प्रहरी तथा बालबालिका खोजतलास सेवा एवम् परिषद्को सहकार्यमा उद्धार, पुनःस्थापना र संरक्षण व्यवस्थापन गरी सो समेतको प्रतिवेदन समावेश गरी यस परिषद् र प्रदेशको बालबालिकाको विषय हेर्ने मन्त्रालयलाई जानकारी गराउने ।

४. **मिति २०८२ सालको जेठ मसान्तसम्म प्रत्येक प्रदेशलाई सडक बालबालिका मुक्त बनाउने तथा घोषणा गर्नेः-** प्रदेशभित्रका सबै स्थानीय तह सडक बालबालिका मुक्त घोषणा भएको लिखित जानकारी प्राप्त भएमा वा सडकमा बालबालिका देखिने वित्तिकै उद्धार गरिने प्रणाली तथा संयन्त्र क्रियाशील भएर उद्धार, पुनःस्थापना तथा संरक्षणको कार्यले निरन्तरता पाएको छ भने त्यस्ता प्रदेशलाई प्रदेशको बालबालिकाको विषय हेर्ने मन्त्रालयको सिफारिसमा प्रदेश सरकारको निर्णयले सडक बालबालिका मुक्त भएको प्रदेश घोषणा गर्ने, घोषणा भएको सन्देश सहितको सूचना वेबसाइटमा राख्ने र लिखित जानकारी यस परिषद्, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय जानकारी गराउने । तर केही स्थानीय तहमा सडकमा बस्ने बालबालिका छन् भन्ने लागेमा वा स्थानीय तहले त्यस्तो जानकारी पहिले नै गराएको अवस्थामा बढीमा ७ दिन नियमित अनुगमन तथा निगरानी गर्ने र प्रहरी तथा बालबालिका खोजतलास सेवा एमव् परिषद्को सहकार्यमा उद्धार, पुनःस्थापना र संरक्षण व्यवस्थापन गरी यस परिषद् नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा जानकारी गराउने ।

यस कार्यमा सक्दो सहयोग र सहकार्य गर्न तीनै तहमा रहेका सम्बन्धित सरोकारवाला निकाय, सेवा प्रदायक संघ संस्था, नागरिक संघ संगठन तथा सञ्जाललाई यसै सूचनाद्वार विशेष जानकारी गरिन्छ । यस सम्बन्धी थप जानकारी, समन्वय र सहजीकरणको लागि परिषद् कार्यालयको सम्पर्क नं. ०१-५४५०१२१, अधिकृत श्री रामबहादुर चन्दको ९८४१३८६८७१ र कार्यक्रम अधिकृत श्री सन्तोषचन्द्र अधिकारीको ९८५१२२११०४ मा सम्पर्क गर्न सकिनेछ ।

सदस्य-सचिव